श्री

# उच्च अदालत पोखरा

## संयुक्त इजलास

## माननीय न्यायाधीश श्री विनोद प्रसाद शर्मा

## माननीय न्यायाधीश श्री डालकुमार खड्का

## इजलास नं.-२

## फैसला

**मुद्दाः अंश**

**मुद्दा नं. 075-DP-0162**

**नि.नं. ३५८**

| | |
|---|---|
| स्याङजा जिल्ला मनकामना गा.वि.स. वडा नं २ वस्ने विरध्वज गुरुङको छोरा वुहारी मेघ वहादुर गुरुङकी श्रीमती अं वर्ष ७३ की रमती गुरुङ.........................................१<br>ऐ.ऐ. वस्ने विरध्वज गुरुङको नाती मेघवहादुर गुरुङको छोरा वर्ष ५२ को गमरसिंह गुरुङ..........................................................................................१<br>ऐ.ऐ. वस्ने ऐ.ऐ. को नाती ऐ.ऐ को छोरा वर्ष ४२ को सोमवहादुर गुरुङ.....................१<br>ऐ.ऐ. वस्ने मुलुकी ऐन, अ.व. १३९ नं वमोजिम वुझिएका मेघवहादुर गुरुङको छोरा झमान सिहँ गुरुङ.....................................................................................१ | **पुनरावेदक प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| स्याङजा जिल्ला मनकामना गा.वि.स. वडा नं.२ स्थायी घर भै हाल ऐ. कास्की जिल्ला पो.उ.न.पा. वडा नं ९ नागढुङगा वस्ने विरध्वज गुरुङको नाती मेघ वहादुर गुरुङको छोरा वर्ष ३९ को त्रिलोक गुरुङ........................................................................१ | **प्रत्यर्थी वादी** |

**मुद्दा नं. 075-DP-0195**

**नि.नं. ३५९**

| | |
|---|---|
| स्याङजा जिल्ला मनकामना गा.वि.स. वडा नं २ स्थायी घर भै हाल ऐ. कास्की जिल्ला पो.उ.न.पा. वडा नं ९ नागढुङगा वस्ने विरध्वज गुरुङको नाती मेघ वहादुर गुरुङको छोरा वर्ष ३९ को त्रिलोक गुरुङ........................................................................१ | **पुनरावेदक वादी** |

**विरुद्ध**

| | |
|---|---|
| स्याङजा जिल्ला मनकामना गा.वि.स. वडा नं २ वस्ने विरध्वज गुरुङको छोरा वुहारी मेघ वहादुर गुरुङकी श्रीमती अं.वर्ष ७३ की रमती गुरुङ.........................................१<br>ऐ.ऐ. वस्ने विरध्वज गुरुङको नाती मेघवहादुर गुरुङको छोरा वर्ष ५२ को गमरसिंह गुरुङ..........................................................................................१<br>ऐ.ऐ. वस्ने ऐ.ऐ. को नाती ऐ.ऐ को छोरा वर्ष ४२ को सोमवहादुर गुरुङ.....................१<br>ऐ.ऐ. वस्ने मुलुकी ऐन, अ.व. १३९ नं वमोजिम वुझिएका मेघवहादुर गुरुङको छोरा झमान सिंह गुरुङ.....................................................................................१ | **प्रत्यर्थी प्रतिवादी** |

सुरु फैसला गर्ने अदालतः- श्री कास्की जिल्ला अदालत

सुरु फैसला गर्ने न्यायाधीशः-मा. जि.न्या.श्री लालकाजी श्रेष्ठ

सुरु फैसला मितिः-२०७५।०२।०३

न्याय प्रशासन ऐन, २०७३ को दफा ८( ३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. **फिरादपत्रको व्यहोराः-**

पिता मेघवहादुर र माता रमती गुरुङवाट ४ छोरा र १ छोरी श्रीमती गुरुङको जायजन्म भएकोमा जेठो गमर सिंह, माईलो झमानसिंह, साईलो सोमवहादुर र कान्छो म फिरादी त्रिलोक गुरुङ हौ। दिदी समेत हामीहरु सवैको विवाह दान भै सकेको छ। पिताको ४ वर्ष पहिले नै मृत्यु भएको र हामीहरु विच हालसम्म रितपुर्वकको अंश वण्डा भएक छैन। विपक्षी आमा रमती गुरुङ घरको मुख्य भई घर व्यवहार गरी पैतृक सम्पती आफ्नो नाँउमा कायम भएपनि पोखरा-१० कि.न. ५४ को जग्गा मेरो निजी आर्जनको रकम लगानी गरी घर निर्माण गरी वसी आएको अवस्था हुँदा घर परिवार ठुलो भयो र अन्य अंशियार भन्दा म फिरादीको २ वटा परिवार हुन गएको कारणले उनिहरुको पालन पोषण शिक्षा दिक्षा तथा स्वास्थ्य जस्ता न्युनतम आवश्यकता पुर्ती गर्न धौ धौ भएकोले जो पाएको श्री सम्पती परिचालन गरी बस्छु चल अचल सम्पती जे जस्तो आवश्यक छ सो को अंश वण्डा गरी छुट्टा छुट्टै गरौ भनी आमा दाजुहरुलाई अनुरोध गर्दा विपक्षी आमा र दाजूहरु तलाई अंश दिन कर छैन घर जग्गा पनि विक्री वितरण गरी सक्यौ तैले सकेको जानेको गर भनी अन्यायको हाँक जवाफ दिएकोले मुल ५ अंशियार हुँदा जम्मा सम्पतीलाई ५ भाग लगाई ५ भागको १ भाग अंश दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी त्रिलोक गुरुङको मिति २०७३।०३।२७ को फिराद पत्र।

२. **प्रतिउत्तरपत्रको व्यहोराः-**

- स्याङजा जिल्ला मनकामना गा.वि.स. मा हाम्रो पैतृक सम्पती छ। जेठा दाजु गमरसिँह गुरुङले व्रिटिश सेनामा नोकरी गरी कमाएको रकम तथा आफ्नो पालामा आर्जेको सम्पतीले पोखरा -१० को कि.न. १३९३ को जग्गा पछी नापी हुँदा कायम कि.न. ५४ क्षे.फ. २०१ व.मी. घर जग्गा खरिद गरेकोमा वादी त्रिलोक गुरुङ समेत घर परिवारको सरसल्लाहमा विक्री गरी पोखरा-१४ (साविक छिनेडाँडा-१) को कि.न. ७३६७, ७३७०, ७३७४, क्षे.फ. ०-५-१-१ जग्गा खरिद गरेको हो। हाम्रो संयुक्त परिवारहरु कामको सिलसिलामा म जेठा छोरा वेलायततर्फ माईला भारततर्फ र म रमती गुरुङ र म सोम वहादुर मनकामना गा.वि.स.मा नै वसोवास गर्ने र विपक्षी त्रिलोक गुरुङ पोखरा वसी मोज मस्ती जिवन विताई रहेका छन। पुख्यौली घर मनकामना गा.वि.स. वडा नं २ मा नै वसोवास गरी खेती पाती गरी वस्न विपक्षीलाई हामीहरुले वञ्चित गरेको छैन।

विपक्षीले आफ्नो श्रीमती र छोराहरुलाई खान लाउने व्यवस्था समेत नगरेका अवस्थामा हामीहरुले विपक्षीको श्रीमती र छोराछोरीहरुलाई खानलाउन व्यवस्था समेत गरेका कारण विपक्षीले हाम्रो विरुध्द झुठ्ठा दावी लिई मुद्दा दायर गरेका हुन। फिराद दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोराको रमती गुरुङ-१, गमरसिंह गुरुङ-१ समेत २ जनाको वारेस भै आफ्नो हकमा समेत सोमवहादुर गुरुङको मिति २०७३।०६।०९ गतेको प्रतिउत्तर पत्र।

- पिता मेघवहादुर गुरुङ र माता रमती गुरुङका ४ छोरा १ छोरी भएकोमा गमर सिंह जेठा, म झमान सिंह गुरुङ माहिला, सोमवहादुर साहिला, र वादी त्रिलोक गुरुङ कान्छा छोरा हौं। १ छोरी लगायत सवैको विवाह भै सकेको हो।पिता मेघ वहादुर गुरुङको मिति २०८६।१।१२ मा देहान्त भै सकेको छ। हामी हाल ४ भाई र आमा रमती समेत ५ अंशियारा छौं। हामीहरुविच विधिवत अंश वण्डा भएको छैन। हामीहरुले आ-आफ्नो खति उपती वेहोरी आ- आफुले कमाई गरी खाएका छौं। पैतृक सम्पती जो भएको प्रतिवादी मध्येकी आमा रमती गुरुङका नाउमा छ।पोखरामा पनि केही जग्गा छ। सो जग्गा पैतृक सम्पती होईन। म र भाइ सोमवहादुर गुरुङ लाई प्रतिवादीमध्येका गमर सिंह गुरुङ जेठा दाईले रेखदेख गर्नुभएको छ भने यी वादी त्रिलोक गुरुङ भारतिय पेन्सनवाला मानिस हुन। स्याङजा को पैतृक सम्पतीवाट मैले समेत अंश पाउने पर्ने हो भन्ने समेत व्यहोराको अ.व. १३९ नं वमोजिम वुझिएका झमान सिँह गुरुङले अदालतमा गरेको वयान।

३. वादीले आफ्नो नाममा वाँड्नु पर्ने चल अचल सम्पती नरहेको भनी निवेदन दिएको र प्रतिवादी वारेस समेत सोमवहादुर गुरुङको छुट्टाछुट्टै तायदाती फाटवारी मिसिल साथ संलग्न रहेको।

४. **<u>सुरु अदालतको फैसलाः-</u>**

वादी प्रतिवादीका विचमा नाता सम्वन्ध पुस्तावारी र अंशियार संख्यामा समेत विवाद नदेखिएको सवै अंशियारको विवाह दान भै सकेको र वादीले अंश लिई पाईसकेको भन्ने नदेखिएकोले तायदाती फाटँवारीमा उल्लेखित सम्पती मध्ये प्रतिवादी गमर सिं गुरुङको श्रीमती तुलमाया गुरुङले चौ वहादुर गुरुङ समेतवाट मिति २०५१।१२।२२ मा र.न. ९६४६ वाट हालैदेखि को वकसपत्रवाट प्राप्त गरेको काठमाण्डौ जिल्ला गोगवु गा.वि.स. वडा नं ९ कि.न. ९८९ क्षे.फ. ०-४-३-० जग्गा हाल नापीमा कि.न. १२५ क्षे.फ. १५१.०५ वर्ग मिटर जग्गा तुलमायाको निजी सम्पती देखिदा वण्डा गर्न परेन। साथै रमती गुरुङले छोरा गमरसी गुरुङलाई मिति २०७०।१०।१९ गते र.न. ३९४४ (ङ) वाट रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं २ को कि.न. ४४,४७ र कि.न. ४३ को तिन कित्ता जग्गा एका सँगोलका आमाले सगोलको छोरा गमरसि गुरुङलाई हालैको वकसपत्रवाट पारित गरी दिएको देखिएको र सो उपर कसैको उजुर नपरी लिखत सदर

कायम रही रहेको देखिदा ५ अंशियार रहेकोमा आमा रमतीको आफुखुश गर्न पाउने अंशहक अर्थात उल्लेखित ३ कित्ता जग्गा वाट ५ भागको १ भाग रमतीको भाग सम्म गमरसिको एकलौटी निजी ठहर्छ भने उक्त जग्गावाट रमतीको हकको अंशवाहेक गरी वाकी जग्गा रमती वाहेकका ४ अशियारलाई वरावर अंश वण्डा हुने ठहर्छ। साथै गमरसिं गुरुङले सगोलमा रहदाको वखत राजिनामाद्वारा खरिद गरेको मिति २०६५।०१।२० गते र.न. ६८३८ ख मा काठमाण्डौ जिल्ला विष्णु गा.वि.स. वडा नं ९ ख को कि.न. ८५२ र कि.न. ८५७ समेतका जग्गा ५ अंशियारलाई वण्डा लाग्छ। निजी आयको श्रोत खुलाउन सकेको नदेखिदा उक्त जग्गामा गमर सिको निजि हुनुपर्छ भन्ने जिकिर पुग्न सक्दैन सो वाहेक वादी प्रतिवादीहरुले तायदातीमा उल्लेखित गरेका स्रेस्ता वमोजिमको सम्पतीमा नरम गरम मिलाई अंशियारको विच वरावर भाग लाग्ने गरी वादीले प्रतिवादीहरुवाट ५ भागको १ भाग अंशवण्डा छुट्टाई चलन समेत पाउने ठहर्छ भन्ने समेत बेहोराको सुरु कास्की जिल्ला अदालतको मिति २०७५।२।३ को फैसला।

५. <u>पुनरावेदन पत्रः-</u>

- सुरु इन्साफमा चित्त बुझेन। फाटँवारीमा उल्लेखित सम्पती मध्ये प्रतिवादी गमर सिं गुरुङको श्रीमती तुलमाया गुरुङले चौ वहादुर गुरुङ समेतवाट मिति २०५१।१२।२२ मा र.न. ९६४६ वाट हालैदेखि को वकसपत्रवाट प्राप्त गरेको काठमाण्डौ जिल्ला गोगवु गा.वि.स. वडा नं ९ कि.न. ९८९ क्षे.फ. ०-४-३-० जग्गा हाल नापीमा कि.न. १२५ क्षे.फ. १५१.०५ वर्ग मिटर जग्गा तुलमायाको निजी सम्पती देखिदा वण्डा गर्न परेन भन्ने शुरु फैसला सगोलको सम्पत्ती जुनसुकै अंशियारका नाममा भए पनी सगोलकै मानिने भन्ने कानूनी व्यवस्था बिपरित भएको फैसला सो हदसम्म बदर गरी सो सम्पत्तिबाट पनि अंश लाग्ने ठहर गरि पाउँ भन्ने वादी त्रिलोक गुरुङको पुनरावेदन पत्र।
- सुरु इन्साफमा चित्त बुझेन। रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं २ को कि.न. ४४,४७ र कि.न. ४३ को तिन कित्ता जग्गा मैले रकम दिई बाबुको नाममा खरिद भएको र मिति २०६५।०१।२० गते र.न. ६८३८ ख मा काठमाण्डौ जिल्ला विष्णु गा.वि.स. वडा नं ९ ख को कि.न. ८५२ र कि.न. ८५७ समेतका जग्गा मेरो सैनिक काम गरि प्राप्त आयबाट खरिद गरेको हुँदा सव सम्पत्ति बण्डा लाग्नु नपर्नेमा सो समेतमा बण्डा लाग्ने ठहर गरेको शुरु फैसला सो हदसम्म बदर गरी सो सम्पत्तिबाट अंश नलाग्ने ठहर गरि पाउँ भन्ने प्र गमरसिं गुरुङको व्यहोरा भएको प्रतिवादी रमती गुरुङसमेतको पुनरावेदन पत्र।

६. <u>यस अदालतको आदेशः-</u>

यसमा वादीहरु र प्रतिवादी दुवै तर्फको पुनरावेदन परेको देखिँदा साविक मुलुकी ऐन, अ.वं. २०२ नं. तथा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २१३(३) को प्रयोजनार्थ उच्च अदालती नियमावली, २०७३ को नियम ६४ बमोजिम प्रत्यर्थी झिकाई

आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू भन्ने बेहोराको मिति २०७६।१।२३ को आदेश।

**ठहर-खण्ड**

७. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा समावेश भई निर्णयार्थ आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गोबिन्द पौडेलले एकासगोलमा भएको प्रतिवादी गमर सिं गुरुङको श्रीमती तुलमाया गुरुङले चौ वहादुर गुरुङ समेतवाट प्राप्त गरेको जग्गा सगोलका सबै अंशियारको भाग लाग्नु पर्छ। बकसपत्र लेखिंदैमा निजि आर्जन मात्र मिल्दैन भनी बहस प्रस्तुत गर्नु भएको छ। पुनरावेदक प्रतिवादीतर्फबाट उपस्थित विद्वान बरिष्ट अधिवक्ता श्री कृष्णबहादुर गुरुंग तथा विद्वान अधिवक्ता श्री सुनिल कार्कीले बादीले अंश माग्नै मिल्दैन। प्रतिवादी गमर सिं गुरुङले दिएको रकमले प्रतिवादी गमर सिं गुरुङ बाहीर जागिरमा भएको बेलामा बाबुको नाममा खरिद गरिएको र निजकै आयबाट निजको नाममा खरिद गरिएको सम्पत्तिमा पनि बण्डा लाग्ने ठहर भएबाट निजी आर्जनको अवधारणालाई अनदेखा गरिएको शुरुको फैसला बदरभागी छ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

८. प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी पुनरावेदकको पुनरावेदन जिकिर, र विद्वान अधिवक्ताको बहस समेत सुनी इन्साफतर्फ विचार गर्दा, पिता मेघवहादुर र माता रमती गुरुङवाट जायजन्म भएका हामीहरु विच हालसम्म रितपुर्वकको अंश वण्डा नभएको र ठुलो परिवार भएको कारणले अंशवण्डा गरी छुट्टा छुट्टै व्यवहार गरौ भनी आमा दाजुहरुलाई अनुरोध गर्दा नमानेकोले मुल ५ अंशियार हुँदा जम्मा सम्पतीलाई ५ भाग लगाई ५ भागको १ भाग अंश दिलाई भराई पाउँ भन्ने वादीको फिराद तथा विपक्षीले आफ्नो श्रीमती र छोराहरुलाई खान लाउने व्यवस्था समेत नगरेका अवस्थामा हामीहरुले विपक्षीको श्रीमती र छोराछोरीहरुलाई खानलाउन व्यवस्था समेत गरेका कारण विपक्षीले हाम्रो विरुध्द झुठ्ठा दावी लिई मुद्दा दायर गरेका हुनाले फिराद दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिजिकिर तथा हामीहरु विच विधिवत अंश वण्डा भएको छैन। हामीहरुले आ-आफ्नो खति उपती वेहोरी आ- आफुले कमाई गरी खाएका छौं पैतृक सम्पती जो भएको प्रतिवादी मध्येकी आमा रमती गुरुङका नाउँमा छ स्याङजाको पैतृक सम्पतीवाट मैले समेत अंश पाउने पर्ने हो भन्ने समेत व्यहोराको अ.व. १३९ नं वमोजिम वुझिएका झमान सिँह गुरुङले वयान गरेको प्रस्तुत मुद्दामा तायदाती फाटँवारीमा उल्लेखित सम्पती मध्ये प्रतिवादी गमर सिं गुरुङको श्रीमती तुलमाया गुरुङले वकसपत्रवाट प्राप्त गरेको जग्गा बाहेक अन्य सम्पत्तिमा वादीले प्रतिवादीहरुवाट ५ भागको १ भाग अंशवण्डा छुट्टाई चलन समेत पाउने ठहर्छ भन्ने शुरु अदालतको फैसला उपर बादी प्रतिवादीको पुनरावेदन परेको देखिंदा शुरु कास्की जिल्ला अदालतबाट भएको फैसला मिलेको छ वा

छैन ? पुनरावेदक वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

९. पुनरावेदकहरुको पुनरावेदन जिकिरहरु, मिसिल संलग्न कागजात अध्ययन गरी विद्वान बरिष्ट अधिवक्ता तथा अधिवक्ताहरुको बहस समेत ध्यानमा राखी निर्णयतर्फ विचार गर्दा, तायदाती फाटँवारीमा उल्लेखित सम्पती मध्ये प्रतिवादी गमर सिं गुरुङको श्रीमती तुलमाया गुरुङले वकसपत्रवाट प्राप्त गरेको जग्गा बाहेक अन्य सम्पत्तिमा वादीले प्रतिवादीहरुवाट ५ भागको १ भाग अंशवण्डा छुट्टाई चलन समेत पाउने ठहर्छ भन्ने शुरु अदालतबाट फैसला भएकोमा भाउजु तुलमायाले हाम्रो परिवारको सगोलकै सम्पत्ति हुने गरी बुबाको सहमती र लगानीमा धेरै थोरै सबैको लगानीले काठमाण्डौंमा जग्गा किनिएको हुँदा सो समेत बण्डा हुनुपर्ने भनी वादी त्रिलोक गुरुङको र वादीले अंश पाऊँ भन्ने जिकिर प्रमाणद्वारा पुष्टि गर्न नसकेकोले अंशबण्डाको १० नं. बमोजिम निजले अंश लिन नपाउने भन्ने रमति गुरुङको व्यहोरा र बुबालाई जग्गा किन्न मैले दिएको पैसाले रुपन्देही मोतिपुरको जग्गा किनिएको र सोही कारणले मलाई बकसपत्र गरिदिएको हुँदा रुपन्देही मोतिपुरको कि.नं. ४३, ४४ र ४७ को जग्गा मेरो निजी सम्पत्ति भई अंशबण्डा नलाग्ने त्यस्तै मेरो निजी कमाईको रकम बेलायतबाट नेपालमा ल्याई काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा खरिद गरेको हुँदा सो समेत निजी सम्पत्ति भई बण्डा नलाग्ने हुँदा सो हदसम्म शुरुको फैसला उल्टी गरिपाऊँ भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिर रहेको देखिन्छ।

१०. सर्वप्रथम वादीको पुनरावेदन जिकिर तर्फ विचार गर्दा भाउजु तुलमायाले हाम्रो परिवारको सगोलकै सम्पत्ति हुने गरी बुबाको सहमती र लगानीमा धेरै थोरै सबैको लगानीले काठमाण्डौंमा जग्गा किनिएको हुँदा सो समेत बण्डा हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ। तुलमायाले दावीको जग्गा मिति २०५१।१२।२२ मा र.नं. ९६४६ को हालैको बकसपत्रबाट पाएको देखिन्छ । मुलुकी ऐन अंशबण्डाको महलको १८ नं. ले बकस पाएको सम्पत्ति निजी आर्जन ठहर्ने र अन्य अंशियारहरुको बण्डा नलाग्ने भन्ने व्यवस्था गरेको पाइन्छ। वादीले सो सम्पत्ति किनिएको र धेरथोर सबैको लगानी भएको भने पनि त्यसको तथ्ययुक्त विवरण दिन र सो प्रमाणित गर्न सकेको अवस्था छैन। अन्य अंशियारहरुले सो सम्पत्ति हालैको बकसपत्रबाट प्राप्त गरेको निजी सम्पत्ति भनी २०७४।२।१७ मा पेश भएको तायदाती फाँटबारीमा उल्लेख गरेको देखिन्छ। पितृसत्तात्मक सामाजिक मनोविज्ञान अद्यापि विद्यमान रहेको अवस्थामा त्यसरी सगोलको आयले खरीद गरी बुहारीको नाममा राखेको होला भनी विश्वास गर्न सकिने अवस्था देखिंदैन। त्यसमा पनि आफ्नो निजी आर्जन र सीपबाट आर्जित सम्पत्ति नभएको भए वादी तथा अन्य प्रतिवादीहरुले तत्कालीन अवस्थामा तुलमायाको नाममा हालैको बकसपत्रको माध्यमले ल्याउने कुरा नै सहज र स्वाभाविक देखिंदैन। यस अवस्थामा वादीको जिकिर

बमोजिम सो सम्पत्ति बण्डा लाग्ने भन्न नमिल्ने हुँदा सो सम्बन्धमा शुरु जिल्ला अदालतको फैसला मिलेकै देखियो।

११. अब प्रतिवादीहरुको पुनरावेदन जिकिर तर्फ विचार गर्दा वादीले अंश पाऊँ भन्ने जिकिर प्रमाणद्वारा पुष्टि गर्न नसकेकोले अंशबण्डाको १० नं. बमोजिम निजले अंश लिन नपाउने भन्ने रमति गुरुङको व्यहोरा र बुबालाई जग्गा किन्न मैले दिएको पैसाले रुपन्देही मोतिपुरको जग्गा किनिएको र सोही कारणले मलाई बकसपत्र गरिदिएको हुँदा रुपन्देही मोतिपुरको कि.नं. ४३, ४४ र ४७ को जग्गा मेरो निजी सम्पत्ति भई अंशबण्डा नलाग्ने त्यस्तै मेरो निजी कमाईको रकम बेलायतबाट नेपालमा ल्याई काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा खरिद गरेको हुँदा सो समेत निजी सम्पत्ति भई बण्डा नलाग्ने भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ। वादीले अंशमा दावी गर्नलाई अंशियार नाता मात्र देखाउनु पर्याप्त हुने हाम्रो न्यायिक अभ्यास रही आएको छ। वादी अंशियार नाता भित्रको होइन वा निजले पहिले नै अंश लिई सकेको छ भनी प्रतिवादीले जिकिर लिएमा त्यसको प्रमाण प्रतिवादी पक्षले गुजार्नु पर्छ। अंश हक नैसर्गिक भएको हुँदा नाता होइन वा पहिले अंश लिइ सकेको भन्ने प्रमाणित हुन नसकेमा निजले अंश पाउने नै हुन्छ। वादीमा अन्य कर्तव्य समेत निरोपित छ भन्ने आधारले मात्र निजले अंश पाउने कुरामा प्रतिबन्ध लगाउन मिल्दैन। तसर्थ वादीले अंशतर्फ दावी गर्न नपाउने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१२. प्रतिवादीहरुको अर्को जिकिर गमर सिंह गुरुङले बुबालाई जग्गा किन्न दिएको पैसाले रुपन्देही मोतिपुरको जग्गा किनिएको र सोही कारणले गमर सिंह गुरुङलाई बकसपत्र गरिदिएको हुँदा रुपन्देही मोतिपुरको कि.नं. ४३, ४४ र ४७ को जग्गा गमर सिंह गुरुङको निजी सम्पत्ति भई अंशबण्डा नलाग्ने भन्ने रहेको देखिन्छ। पुनरावेदकको सो जिकिर तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन सकेको छैन। प्रतिवादी गमर सिंह गुरुङको नाममा आमा प्रतिवादी रमती गुरुङले बकसपत्र गरेको देखिन्छ। सो सम्पत्तिको प्रकृति हेर्दा बाबु मेघवहादुर गुरुङले राजिनामाबाट प्राप्त गरेको र निज बाबुको मृत्य पश्चात आमा रमती गुरुङको नाममा नामसारी भई आएको देखिएबाट सो सम्पत्ति पैत्तिक प्रकृतिको सम्पत्ति भन्नुपर्ने हुन्छ। एकासगोलमा रहे बसेको अवस्थामा कुनै अंशियारले अर्को अंशियारलाई सगोलको पैतृक सम्पत्तिको हक हस्तान्तरण गर्दैमा त्यस्तो सम्पत्तिमा अन्य अंशियारको हकाधिकार समाप्त हुन्छ भन्न नमिल्ने तथा एकासगोलका अन्य अंशियारको अंश हकमा असर पर्ने गरी हक हस्तान्तरण गर्दैमा सगोलका अन्य अंशियारहरूको हक अधिकारमाथि प्रतिकूल असर पर्न सक्दैन। साथै आमा वावुका नाममा जुनसुकै स्रोतवाट आएको सम्पत्ति निजहरूका सन्तान अर्थात् दोस्रो तहमा अंशियार छोरा छोरीका लागि पैतृक सम्पत्ति नै मान्नुपर्ने र त्यसमा छोरा छोरीलाई बण्डा हुने भनी सर्वोच्च अदालतबाट सिद्धान्त समेत स्थापित छ। **(ने.का.प.२०६९ नि.नं. ८७८८)** त्यस्तै सगोलको अंशियारले दिएको

बकसपत्रले पनि अन्य अंशियारको हक समाप्त नहुने भनी सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ। **(ने.का.प.२०७४ अंक ११ नि.नं. ९९०१)** तसर्थ यो तथ्यगत अवस्थामा सर्वोच्च अदालतबाट स्थापित सिद्धान्त समेतको आधारमा अंशियारबाट बकसपत्रको माध्यमबाट पाएको सम्पत्ति निजी हुने र सोमा बण्डा नलाग्ने भन्ने प्रतिवादीहरुको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१३. जहाँसम्म प्रतिवादी मध्येको गमरसिंह गुरुङको नाममा खरिद भएको काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा सगोलको सम्पत्ति हुँदा बण्डा लाग्ने भनी शुरुबाट भएको फैसला छ सो सम्बन्धमा विचार गर्दा सगोलका अंशियारमध्ये जसको नाममा सम्पत्ति भएपनि त्यो उसैको एकलौटी हुँदैन। एकाघरसँगका अंशियारमध्ये जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको मानिने कुरा अनुमान हो र यो अनुमान पनि अन्यथा प्रमाणित भएमा कायम रहँदैन। तसर्थ , प्रमाण ऐन, २०३१ को दफा ६(क) का आधारमा दावी स्थापित हुने नभई विचाराधीन मुद्दामा प्रमाणका कडीमा यो अनुमान गरिने विषय मात्र हो। यस दफालाई अंशबण्डाको १८ नं. ले परिसीमित गर्छ। कुन सम्पत्ति बण्डा लाग्ने र कुन नलाग्ने भन्ने कुराको मापदण्ड अंशबण्डाको १८ नं. को कानूनी व्यवस्था हो।

१४. विवादित सम्पत्ति पैतृक नभएकोमा विवाद छैन। पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि यो होइन भन्ने कुरामा पनि वादीको सहमति नै छ। केवल त्यो सम्पत्ति आर्जन गर्न आफ्नो पक्षको पनि योगदान छ भन्ने वादीको कथन रहेको छ। तथापी सो कुरा पुष्टी हुने कुनै सबुद प्रमाण पेश हुन सकेको छैन। वादी पक्षबाट कुनै प्रमाण पेश हुन नसकेको र प्रतिवादी पक्षबाट पेश भएका प्रमाणलाई अंशबण्डाको १८ नं. मा भएका व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत विवादको निरोपण गर्नुपर्ने अवस्था छ।

१५. अंशियारहरूको नाममा दर्ता रहेको के कस्तो सम्पत्ति अंशियारहरूबीच बण्डा लाग्ने र के कस्तो सम्पत्ति निजी ठहरी बण्डा नलाग्ने आफूखुशी गर्न पाउने भन्ने सन्दर्भमा भएको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन अंशबण्डाको महलको १८ नं. मा मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार,व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको ८ नम्बर बमोजिम लगाएको ऋण सबै अंशियारको भाग लाग्छ। सोबाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउँछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था हेर्दा मानो नछुट्टिई सँग बसेका अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती,उद्योग, व्यापार व्यवसायबाट बढेबढाएको सगोलको आर्जन सबै अंशियारलाई भाग

लाग्ने र सो बाहेक कुनै अंशियारले आफनो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बर बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्न वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउने भन्ने देखियो।

१६. कुन सम्पत्ति निजी भै अरुलाई बण्डा नगर्न पर्ने हो भन्ने सम्बन्धमा अदालतले उक्त १८ नं. को व्याख्या अति नै सम्वेदनशील र सजगताका साथ गर्नुपर्दछ। निजी ज्ञान सीप र प्रयासबाट आर्जन गरेको भनेको नितान्त आफ्नो पालामा आफ्नो मात्र श्रम सीप र प्रयास परेको सम्पत्ति भनी अर्थ गर्नुपर्दछ। यदि सगोलका परिवार सवैको श्रम , सीप र प्रयास परेको छ भने त्यसमा कसैको पनि हक नमरोस् र यदि कुनै एक अंशीको मात्र निजी ज्ञान सीप, श्रम र प्रयास परेको छ भने त्यसमा सहभागी नहुने अरु परिवार सदस्यलाई भाग बण्डा नलागोस् भन्ने कुरामा ध्यान दिनु पर्दछ भन्ने विधायिकी मनसाय यस कानूनी प्रवन्धको हो।

१७. प्रतिवादीहरुले फाँटवारी पेश गर्दा मेरो निजी कमाईको रकम बेलायतबाट नेपालमा ल्याई काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा खरिद गरेको हुँदा सो समेत निजी सम्पत्ति भई बण्डा नलाग्ने भनी प्र गमर सिंह गुरुङले बेलायतमा काम गर्दाको बार्षिक आय विवरणको कागजातहरूको छायाप्रती पेश गरेको देखिन्छ। निज कार्यरत रहेकै अवस्थामा मिति २०६५।१।२० मा निज प्रतिवादीले सो जग्गा आफ्नै नाममा राजीनामाबाट लिएको देखिन्छ।

१८. प्रस्तुत मुद्दामा कि.नं. ८५२ र ८५७ का जग्गा पैतृक नभएको कुरामा विवाद छैन। मिति २०६५।१।२० मा प्रतिवादी गमर सिंह गुरुंगको नाममा राजीनामाद्धारा यी विवादका दुई कित्ता आएका छन्। ती कित्ता पैतृक सम्पत्तिबाट बढेबढाएका भए कुनै पैतृक सम्पत्ति हस्तान्तरण भएको वा पैतृक सम्पत्तिबाट हुने आर्जन पारिवारिक सामाजिक र सांस्कृतिक समेतका कार्यमा अनिवार्यतः गर्नुपर्ने खर्च गरेर बचत हुनसक्ने रकम लगानी भएको वादीले जिकीर लिई प्रमाणबाट पुष्टि गर्न सक्नुपर्ने हुन्छ। यसो हुन सकेको छैन। प्रतिवादी गमरसिंह गुरुङ बेलायती सेनाको क्याप्टेन रहेको तथ्यमा विवाद छैन। निजको आय वार्षिक रुपमा करिब ४० लाख रहेको तथ्य निज कार्यरत रहेको सैनिक कार्यालयले प्रमाणित गरिदिएको देखिन्छ। सो तथ्यको खण्डन वादीले सवुद प्रमाणबाट गराउन सकेको देखिंदैन। सो सम्पत्तिको मुल्य रु ४५००००।- रहेको तथ्य पारित लिखत व्यहोराबाट देखिन्छ।

१९. यसरी प्रतिवादी गमर सिंह गुरुङ विदेशमा कार्यरत रहेको तथ्य स्थापित छ। निज को आय सम्बन्धमा शंका गर्ने ठाउँ छैन। सो आयले सो सम्पत्ति खरिद गर्न सकिने नै देखिन्छ। कुनै घटना, मानिसहरूको आचरण वा काम कारोवारको सामान्य क्रम विचार गर्दा तर्कसंगत रुपमा अनुमान गर्न सकिने अन्य कुरा अदालतले अनुमान गर्न सक्ने कानूनी प्रवन्ध प्रमाण

ऐन, २०३१ को दफा ७(ग) ले गरेको छ। यस क्रममा विचार गर्दा विदेशमा रहेको व्यक्तीले आफ्नो आर्जनबाट स्वदेशमा विवादित जग्गा खरीद गरिएको अनुमान स्वाभाविक र तर्कसंगत हुन्छ। आफ्ना विरुद्ध न्यायिक अवधारणा बन्न जाने तथ्यको सम्बन्धित पक्षले खण्डन गर्न सक्दैन् र सो खण्डनलाई पुष्टि गर्ने आधार प्रमाण केही दिन सक्दैन् भने त्यो तथ्यले निजका विरुद्ध प्रमाणको स्वरुप ग्रहण गर्दछ। अनुमान पनि प्रमाण नै हो। यसका सीमाहरू प्रमाण ऐन , २०३१ को दफा ६ र ७ मा व्यवस्थित छन्। यसरी वादी र प्रतिवादीबीचको व्यवहारको विश्लेषण गर्दा विवादित कि.नं. कि.नं. ८५२ र ८५७ बाट पनि वादीलाई अंश दिलाउनु न्यायोचित हुँदैन।

२०. अंशबण्डाको १८ नं. परिवार सदस्यको उद्यमशीलतालाई संरक्षण र प्रोत्साहन दिने कानून हो। सम्पत्तिको आर्जनको इतिहास स्रोत र लगानीको प्रकृती विश्लेषण गरी न्यायिक निष्कर्षमा पुगिएन भने अंशबण्डाको १८ नं. को उ द्देश्य र मर्म मर्न पुग्छ। पैतृक सम्पत्तिसँग कुनै सम्बन्ध नगाँसिने र परिवारका अन्य सदस्यको सो सम्पत्ति आर्जनमा कुनै योगदान आँक्न नसकिने सम्पत्ति बण्डा गर्न कर नलागोस् भन्ने नै अंशबण्डाको १८ नं. को आशय हो। विदेशमा जागिरमा रहेको व्यक्तिले आफ्नो आर्जनबाट आफ्ना नाममा खरीद भएको सम्पत्ति पनि निजी श्रम, सीप र प्रयासमध्ये प्रयासको आर्जन भएबाट वादीलाई सोबाट अंश दिन प्रतिवादीलाई वाध्य बनाउनु अंशबण्डाको १८ नं. प्रतिकूल हुन जान्छ।

२१. वस्तुतः बन्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले त्यस्तो सम्पत्ति के कसरी प्राप्त गरेको हो, सो सम्पत्ति सगोलकै आय आर्जनबाट खरिद गरेको वा एकासगोलको खति उपतिबाट जोडेको हो भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि हुनु आवश्यक हुन्छ। आफ्नो सिप र प्रयासबाट निजी तवरमा प्राप्त गरेको कुनै सम्पत्ति प्राप्त गर्नेको निजी नै मान्नुपर्ने भनी सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ। **(ने.का.प. २०७३ अंक ८ नि.नं. ९६५२)**

२२. यसरि बादी प्रतिवादीले देखाएको तथ्य र यसको कानूनी आयाम तथा सर्बोच्च अदालतबाट प्रतिपादित सिध्दान्त समेतको बिश्लेषणबाट तुलमाया गुरुङले हालै देखिको बकसपत्रबाट पाएको सम्पत्तिमा बण्डा नलाग्ने प्रतिवादी गमर सिंह गुरुङको नाममा आमा प्रतिवादी रमती गुरुङले बकसपत्र गरिदिएको जग्गा बण्डा लाग्ने भन्ने शुरुको फैसला मिलेकै देखियो। प्रतिवादी मध्येको गमरसिंह गुरुङको नाममा खरिद भएको काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा माथी विवेचित आधार प्रमाणबाट निजि आर्जनको देखिएकोले सगोलको सम्पत्ति हुँदा बण्डा लाग्ने भनी शुरुबाट भएको फैसला सो हदसम्म मिलेको देखिएन।

२३. तसर्थ माथि उल्लिखित आधार र कारणबाट प्रतिवादी गमर सिंह गुरुङ ले खरीद गरेको काठमाण्डौं जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख को कि.नं. ८५२ र ८५७ को जग्गा मुलुकी ऐन, अंशबण्डाको १८ नं बमोजिम बण्डा नलाग्ने निजी आर्जनको सम्पत्ति देखिँदा

बण्डा लगाउने ठहराएको शुरु जिल्ला अदालतको फैसला केही उल्टी भई अन्य सम्पत्तिबाट वादीले अंश छुट्टाई चलन समेत चलाई पाउने ठहराएको कास्की जिल्ला अदालतको फैसला मुनासिव देखिँदा सदर हुने ठहर्छ। कास्की जिल्ला अदालतको मिति २०७५।२।३ को फैसला केही उल्टी हुन्छ। अन्य कुराको हकमा बादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसील-खण्ड</u>**

माथि ठहर खण्डमा लेखिए अनुसार शुरु कास्की जिल्ला अदालतको मिति २०७५।३।२ को फैसला केही उल्टि हुने ठहरेकाले शुरु अदालतले वादी प्रतिवादीहरु विच वण्डा लाग्ने ठहरेको गमरसिँह गुरुङ्गका नाममा दर्ता साविक काठमाण्डौ जिल्ला विष्णु गा.वि.स. वडा नं. ९ ख कि.नं. ८५२ को क्षेत्रफल ०-५-०-० जग्गा र ऐ.ऐ. कि.नं. ८५७ को क्षेत्रफल ०-११-०-१ जग्गा वादीलाई वण्डा नलाग्ने उक्त जग्गाहरु प्रतिवादी गमर सिंह गुरुङ्गको निजी आर्जनको ठहरी फैसला भएकोले उक्त २ कित्ता जग्गा समेत वण्डा छुट्याइदिनु भन्ने शुरु फैसलाको तपसिल खण्डको प्रकरण १ मा उल्लेखित व्यहोराको सट्टा उक्त २ कित्ता बाहेक शूरुको फैसला अनुसार अन्य सम्पतिवाट बण्डा छुट्याई दिनु भनी शुरु कास्की जिल्ला अदालतमा लेखी पठाईदिनू.........................................................................................१

वादीले शुरु अदालतमा दाखिल गर्नुपर्ने कोर्ट फी रु १६६९६ दाखिला नगरी सा. कोर्ट फी ऐन २०१७ को दफा २३ को सुविधा लिएको देखिएको र उक्त कोर्ट फी प्रतिवादीहरुले र.नं. २५५ वाट यस अदालतमा धरौटीमा राखेको देखिँदा उक्त धरौट रकम मध्ये कि.नं. ५८२ र ८५७ को जग्गाको हकमा दावी नपगेकोले सो को विगो रु.२६ ,००,०००।— को हुने कोट फी रु ८ ,६२० उक्त धरौट रकमवाट सदर स्याहा गर्नु भनी र बाँकी रु ८,०७६।— पुनरावेदकले फिर्ता माग गरे विना शर्त निजलाई फिर्ता दिनु भनी लेखा शाखालाई जानकारी दिनू.........................................................................................२

शुरु अदालतको फैसलको तपसिल खण्ड २ को प्रकरण २ मा उल्लेखित व्यहोराको सट्टामा दावी नपुगेको विगो रु.२६ ,००,०००।— को हुने कोर्ट फी रु.८ ,६२०।— अंश छुटयाएका बखत वादीबाट असुल गरी पुनरावेदक प्रतिवादीलाई दिनु भनी शुरु कास्की जिल्ला अदालतमा लेखी पठाउनू.........................................................................३

यो फैसलामा चित्त नवुझे ३० दिन भित्र श्री सर्वोच्च अदालत काठमाण्डौमा पुनरावेदन गर्नु भनी दुवै पक्षलाई पुनरावेदन म्याद जारी गर्नू.......................................................४

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनू..........................................५

प्रस्तुत फैसलाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति  कम्प्युटरमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू........................................६

**विनोद प्रसाद शर्मा**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**डालकुमार खड्का**
**न्यायाधीश**

इजलास अधिकृतः- मोहन रायमाझी
कम्प्युटर गर्नेः झलकराज पौडेल
इति सम्वत् २०७६ साल असार ४ गते रोज ४ शुभम्..............................।